सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०७७|०७८
च. नं.:

मिति :२०७७/०९/२९

## सूचना ! सूचना !! सूचना !!!

### विषय : वालपोषण भत्ता सम्वन्धमा ।

प्रस्तुत सम्वन्धमा नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागको चं.न १३८२ मिती २०७७|०९|२२ को पत्रानुसार बाल पोषण अनुदान विस्तारको क्रममा रोल्पा जिल्ला पनि समावेश भएको हुँदा यस पालिका अन्तर्गत पनि सो कार्य कार्यान्वयन गर्न /गराउन जानकारी प्राप्त भए अनुसार यस गाउँपालिका अन्तर्गतका सवै वडाहरुमा बस्ने पाँच वर्ष मुनिका वालवालिकालाई आ.व २०७७|०७८ को तेस्रो चौमासिक देखि लागु हुनेगरी वालपोषण भत्ता वितरण कार्य गरिने हुँदा ५ बर्ष मुनिका बच्चाको अभिभावकलाई २०७७|१०|२५ गते सम्म तपशिल बमोजिमको कागजात सहित वडा कार्यालयमा आउनुहुन सम्पूर्णमा जानकारीको लागि सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपशिल:**

१. बच्चाको जन्मदर्ताको प्रतिलिपि १प्रति
२ .अभिभावकको नागरिकताको प्रतिलिपि १/१प्रति

(केशबराज पार्धे)
प्रमख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

नोटः दुई सन्तान सम्मलाई मात्र वालपोषण भत्ता उपलब्ध हुनेछ ।

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७७/७८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १३८२

मिति : २०७७।०९।२२

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु (रसुवा, धनुषा, दैलेख, सल्यान, बारा, बैतडी, रुकुम पूर्व, रुकुम पश्चिम, रोल्पा, सप्तरी र कपिलवस्तु) ।

उल्लेखित विषयमा नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७७।०९।१० मा ११(एघार) जिल्लाहरुमा बालपोषण अनुदान बिस्तार गर्ने निर्णय गरेको छ । तसर्थ तहाँ पालिका क्षेत्र भित्रका ५(पाँच) वर्ष उमेर पुरा नगरेका बालबालिकाहरुलाई तेश्रो चौमासिक देखी बालपोषण भत्ता उपलब्ध गराउने गरी निवेदन माग गर्ने, नामावली संकलन गर्ने, MIS प्रणालीमा प्रविष्टी गर्ने र भत्ता भुक्तानी गर्ने लगायतका कामहरु अगाडी बढाउनुहुन आदेशानुसार अनुरोध छ ।

(कुलशेखर अर्याल)
शाखा अधिकृत

०८'